# प्राकृतिक वस्तुको अन्धाधुन्ध प्रयोग भएकोमा चिन्ता

■ प्रभाव संवाददाता

**लुम्बिनी**–लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातवरणमन्त्री लीला गिरीले प्राकृतिक वस्तुको अन्धाधुन्द प्रयोग भएको भन्दै चिन्ता व्यक्त गरेका छन् । राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिको आयोजनामा आइतबारदेखि लुम्बिनीमा शुरु भएको तीन दिने वार्षिक योजना तर्जुमा गोष्ठीको उद्घाटन गर्दै उनले प्राकृतिक वस्तुको उपभोग गर्ने विषयमा बढ्ता प्रयोग भएको बताए ।

मन्त्री गिरीले चूरे संरक्षणमा स्थानीयवासी आम जनताको सहभागिता हुनेगरी कार्यक्रम आउनु जरुरी रहेको बताए । सामुदायिक र कबुलियत वनको अवधारणाअन्तर्गत स्थानीय जनताको प्रत्यक्ष सहभागिता तथा अगुवाइमा वनजंगल जोगाउन सफल भए जस्तै चूरे संरक्षणमा स्थानीयवासीको सहभागिता गराउनुपर्ने उनको भनाई थियो । उनले ढुङ्गा,गिट्टीको उत्खनन र वन जंगलको संरक्षणका लागि आम जनताको सहभागिता जरुरी रहेको बताए ।



चूरेको संरक्षणमा स्थानीय जनताको सहभागिता र तीनै तहका सरकारको समन्वय आवश्यक रहेको उनले बताए ।

राष्ट्रपति चूरे तराई-मधेश संरक्षण विकास समितिका सदस्यसचिव डा कृष्ण आचार्यले प्रदेश र स्थानीय तहलाई पनि सँगसँगै लैजाने गरी गुरुयोजना परिमार्जन गर्न लागिएको बताए । उनले वार्षिक योजना तर्जुमा गोष्ठीमा देशैभरका पाँच वटा क्लसटरको योजना आउने र ती योजनामाथि गम्भीर छलफल गरेर आफुहरु आगामी वर्षका लागि गुरुयोजना बनाउने बताए ।

राष्ट्रपति चूरे तराई-मधेश संरक्षण विकास समितिका लागि लम्की, बुटवल, चितवन, जनकपुर र सलकपुरमा कलस्टर स्थापना भई काम गरिरहेका छन् । तीनै कलस्टरमार्फत कार्यक्रम लागू भएको ९३ स्थानीय तहमा सरोकारवालासँग छलफल गरी तयार गरिएको कार्यक्रममाथि गहन छलफल गरी कार्यक्रमको अन्तिम रुप दिने तयारीस्वरुप लुम्बिनीमा गोष्ठी आयोजना गरिएको बताइएको छ ।

छलफलमा वन तथा वातावरण मन्त्रालयका योजना महाशाखा प्रमुख प्रकाश लम्साल, उद्योग, पर्यटन, वन तथा वातवरण मन्त्रालयका सचिव डा राजेन्द्र केसी, नेपाली सेनाका सहयाक रथी लवकुमार रायमाझीलगायतले चूरे संरक्षणको लागि स्थानीयवासीको सहभागितामूलक कार्यक्रम प्रभावकारी हुने विश्वास लिइएको छ ।


## राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

### प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन प्रस्तुति सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति : २०७७/१२/०८ गते )

बागमती प्रदेश, चितवन जिल्ला, राप्ती नगरपालिकाद्वारा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको व्यहोरा | राप्ती नगरपालिका अन्तर्गत मार्तल खोला, लोथर खोला, ढुंग्रे खोला, सुख्खा खोला र च्याद्रा खोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको प्रस्तुति गर्ने । |
| प्रभाव पर्न सक्ने क्षेत्र | राप्ती नगरपालिकाको वडा नं. १, ४, ६ र ९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गरेर सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साास्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव छ भनी यकिन गरेर राप्ती नगरपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिइ प्रतिबेद तयारी गरि प्रस्तुति हुने हुदाँ यो सार्वजनिक सूचनामा उल्लेखित मिति र ठेगानामा आई पुग्नु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | राप्ती नगरपालिका, चितवन , बागमती प्रदेश, नेपाल,फोन: ०५६ -५५००१५<br>वेवसाइट: www.raptimun.gov.np |
| प्रतिवेदन प्रस्तुत हुने स्थान र मिति : | राप्ती नगरपालिकाको कार्यालय, भण्डारा, चितवन ।<br>२०७७ /१२ /०९ समय : २:०० बजे |


# ‘सय वर्ष पुगेपछि बल्ल परिचयपत्र पाएँ’

**दमौली**– तनहुँको आँबुखैरेनी गाउँपालिकाले ज्येष्ठ नागरिक परिचयपत्र वितरण शुरु गरेको छ । गाउँपालिकाले वडास्तरबाटै ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण शुरु गरेको हो । आँबुखैरेनी गाउँपालिका-१ सत्रसयस्थित वडा कार्यालयमा आज १०० वर्षीया मनकुमारी लामिछानेलाई गाउँपालिकाका उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले परिचयपत्र प्रदान गरिन् । विसं १९७६ पुस ५ गते जन्मिएकी लामिछानेले पहिलो पटक ज्येष्ठ नागरिक परिचयपत्र पाउँदा खुशी लागेको बताईन् ।

‘एक सय वर्ष पुगेपछि बल्ल परिचयपत्र पाएँ, अब पाउनुपर्ने अन्य सुविधा पनि पाउने आशा जाग्यो’, लामिछानेले भनिन् । गाउँपालिकाले वडा वडाबाटै परिचयपत्र वितरण गरिदिँदा आफूहरूलाई सहज भएको उनले बताईन् । ‘यो अवस्थामा गाउँपालिकासम्म गएर परिचयपत्र लिन परेको भए समस्या हुन्थ्यो’, उनले भनिने, ‘घरआँगनमै परिचयपत्र पाउँदा एकदमै खुशी छु ।’

परिचयपत्र वितरण कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष श्रेष्ठले ज्येष्ठ नागरिकलाई सबैले सम्मान गर्नुपर्ने बताईन् । प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलले सबै वडा कार्यालयबाट ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिने जानकारी दिँदै परिचयपत्र वितरणपछि ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक ऐन बमोजिमका छुट तथा सुविधा प्राप्त गर्ने बताए ।

पोखेलका अनुसार गाउँपालिकाका ६ वटै वडामा करिब एक हजार ४०० बढी ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिनेछ ।

चैत ९ गते आँबुखैरेनी गाउँपालिका-२ र ३ को वडा कार्यालयबाट परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको गाउँपालिकाका सूचना अधिकारी शिखरलाल डोटेलले जानकारी दिए । वडा नं ४, ५ र ६ मा भने परिचयपत्र वितरणका लागि पछि मिति तोकिनेछ । रासस

# हतियार तथा अन्य सामग्रीहरु बरामद

■ प्रभाव संवाददाता

**बांके**–बांके राष्ट्रिय निकुञ्जमा राखिएको स्पाई क्यामरामा हतियार सहित केही व्यक्तिहरुको हर्कत देखिए पछि ‘अपरेशन महाहण्ट ७’ मा खटिएको फौज र निकुञ्ज कार्यालयका कर्मचारीले शिकारमा प्रयोग हुने सामानहरु बरामद गरेको छ ।

संयुक्त टोलीले शनिबार बांके जिल्ला, राप्ती सोनारी गाँउपालिका-९ स्थित कोर ईलाका खैरी गोठ क्षेत्रमा खोजतलास गर्दा भरुवा बन्दुक २ नाल, बारुद ४०० ग्राम, केप १४ थान, शिकार गरिएको मासु लगायत शिकारमा प्रयोग हुने अन्य बन्दोवस्तीका सामानहरु बरामद गरी निकुञ्ज कार्यालयमा बुझाएको छ ।

उक्त घटनामा संलग्न भई फरार भएका व्यक्तिहरुको सक्रियताका साथ खोजी भईरहेको छ । ‘अपरेशन महाहण्ट-७’ अन्तर्गत भइरहेका सफल कारवाहीहरुले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुमा संरक्षित जिवजन्तु र प्राकृतिक सम्पदाहरुको सुरक्षा थप प्रभावकारी भई चोरी शिकारीका घटनाहरु नियन्त्रणमा आउने विश्वास नेपाली सेनाले लिएको छ ।


नेपाल सरकार उद्योग
**बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हक दाबी गर्न आउनेबारेको सूचना

यस कार्यालयमा मिति २०७४।०४।२६ मा दर्ता भएको प्रा.लि.नं. १७२८६९ को एक्का कम्पनी प्रा.लि. नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेस गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्न बुझाउन पर्ने दायित्त्व भए प्रमाणसहित हक दाबीका लागि ३५ दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
Office Of The Municipal Executive
Chautara, Sindhupalchok

### INVITATION FOR ELECTRONIC BIDS

Invitation for Bids for the Construction of Upgrading Works In Narsingdada Khelmaidan,CSGM-13, Package II, Construction of Upgrading Works In Bhirkuna-Gidane Road Sector,CSGM-06, Package II , Construction of Dumre-Simle Lift Water Supply Project CSGM-11 & Construction of Bituminous Premix Carpeting(Black Top) Works In Aahaldada-Chap-Melchour Road Sector,CSGM-05

**Contract Identification No: CSGM/NCB/WORKS-18 to 21/077-78**

**First Date of publication: 2077/12/09(22nd March, 2021)**

1. The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from the Eligible Bidders for construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Without VAT) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/WORKS-18/077-78 | Upgrading Works In Narsingdada Khelmaidan,CSGM-13, Package II | 4,203,339.04 | 119,000.00 | Rs.3,000 | 2078/01/08 (21stApril,2021) at 12:00 hrs | 2078/01/08 (21stApril,2021) at 13:00 hrs |
| CSGM/NCB/WORKS-19/077-78 | Upgrading Works In Bhirkuna-Gidane Road Sector,CSGM-06, Package II | 4,202,832.90 | 119,000.00 | Rs.3,000 | 2078/01/08 (21stApril,2021) at 12:00 hrs | 2078/01/08 (21stApril,2021) at 13:00 hrs |
| CSGM/NCB/WORKS-20/077-78 | Construction of Dumre-Simle Lift Water Supply Project CSGM-11 | 4,202,990.94 | 119,000.00 | Rs.3,000 | 2078/01/08 (21stApril,2021) at 12:00 hrs | 2078/01/08 (21stApril,2021) at 13:00 hrs |
| CSGM/NCB/WORKS-21/077-78 | Bituminous Premix Carpeting(Black Top) Works In Aahaldada-Chap-Melchour Road Sector, CSGM-05 | 6,304,978.13 | 179,000.00 | Rs.3,000 | 2078/01/08 (21stApril,2021) at 12:00 hrs | 2078/01/08 (21stApril,2021) at 13:00 hrs |

2. Interested Eligible Bidders may obtain further information at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no. 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Only eligible bidders with the following key qualification should participate in this bidding:
Minimum work experience: At least 1 (One) number of successful project of Bituminous Premix Carpet(Black Top) with side drainage works (not necessarily to amount) only valid for Contract Identification No: CSGM/NCB/WORKS-21/077-78
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Nepal Bank Limited, Chautara Branch
Name of Office: ChautaraSangachokgadhi Municipality
Account Number(Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
Dharauti Khata No. 05703000003000000001
Office Code No: 23-365-14
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum amount as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid .
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
11. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
12. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board ,Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**